# १३ येशूको महिमित दोस्रो आगमनको प्रतिक्षा

*यस अध्यायको निम्ति पढ्नुहोस्:* २ पत्रुस ३:१-१०, १३, यूहन्ना १४:२,३, दानियल २:४४, हिब्रू ९:२८, हिब्रू ११, प्रकाश ६:९-११, लूका १२:४२-४८।

*स्मरण गर्नुपर्ने पद:* **"'हेर ! म छिट्टै फर्केर आउँदैछु ! मेरा इनामहरू मसँगै ल्याउनेछु। प्रत्येक व्यक्तिले जे काम गर्छ त्यसै अनुसारको इनाम म दिनेछु।' "(प्रकाश २२:१२ रूपान्तरित)।**

**जब संसार दोस्रो सहस्र वा ईस्वी सन् २०००साल प्रवेश गर्नेछ तब यस संसारको अस्तित्व रहनेछ वा छैन भनेर धेरैले सन् १९९०को दशकमा अनुमान गरेका थिए।** तर सन् २००० आए र गए। दोस्रो सहस्र वर्षको बारेमा व्याख्या गरेको गलत थिए तर त्यो सहस्र वर्षको सुरू सन् २००१मा हुनेछ भनेर कतिपयले तर्क गरेका थिए। तर, दुःखलाग्दो कुरो त यो छ, हामी अझै यहि संसारमा छौं।

खीष्टको दोस्रो आगमन नजिक छ भनेर स्थापनाको समयदेखिनै सेभेन्थ-डे एडभेन्टिस्टहरूले अझै विश्वास गरिरहेकाछन्। फेरि कतिपय जल्दोवल्दो घट्नाहरूले गर्दा समाचारका लेखकहरूले भनिरहेकाछन्, यो संसार कुनै महान् सङ्कट वा द्वन्दको नजिक आइरहेको छ। यो संसारको अन्त्य कुनै भयानक कारणले अन्त हुनेछ भनेर हेर्न कुनै मानिस भविष्यवक्ता हुनु आवश्यकता छैन।

यस संसार जुन गतिले गइरहेकाछन्, त्यसप्रति अचम्म मान्नुपर्ने केहि छैन। किनभने खीष्टको महिमित दोस्रो आगमनपूर्व यस संसार कुन् भयानक गतिविधिमा लम्किनेछ भनेर बाइबलले चित्रण गरेकाछन्। र हामी बाइबलले चित्रण गरेकै अनुसार यस विश्वमा रहिरहेकाछौं।

येशू कहिले आउनुहुन्छ त? हामीलाई थाहा छैन। तर यो कुरो हामीलाई निश्चय छ कि येशू फेरि आउनुहुनेछ। कहिले भन्दा को आउनुहुनेछ, सो आत्मज्ञान हाम्रो लागि महत्त्व र चासोको विषय हो।

## १. सुरू र अन्त (२ पत्रुस ३:१-१०)

मानव जातको भयानक अवस्थाको चित्रण इमान्दारीपूर्वक र ठिकसँग बाइबलले गरेको छ। तर संसारको दुर्गतीको चित्रण थाहापाएर कोरेतापनि बाइबलका लेखकहरू सधैं निराशमा परेका थिएनन्। पापलाई जरादेखि उखालेर अन्तमा नाश गर्नेछ र परमेश्वरको राज्य स्थापना हुनेछ भनेर अगमवक्ता यशैयाले आफ्ना पुस्तकको अन्तिम अध्यायहरूमा लेखेकाछन् भने त्यसै गरेर प्रकाश पुस्तकका लेखक यूहन्नाले पनि उनीसँग सहमत जनाएर नयाँ युग कसरी सुरू हुनेछ भनेर आफ्नो पुस्तकको अन्तिम अध्यायहरूमा लेखेकाछन्। संसार अन्धकार इतिहासतिर लम्किन्दै अन्त्यतिर जाँदा अन्तिम घट्नाहरू के के हुनेछन् भनेर परमेश्वरले उहाँका भविष्यवक्ताहरूलाई देखाउनुभएको छ। अन्तको समयमा पृथ्वीमा हुने गम्भिर प्रतिक्रियाहरूलाई ती भविष्यवक्ताहरूले लुकाएका थिएनन्। तर तिनीहरू निराशको बादलमा आफूहरूलाई पारेका थिएनन्, किनभने तिनीहरूलाई थाहा थियो येशूको आगमन छिट्टै हुनेछ।

यस अध्ययन पुस्तकको सुरूमा यो अनुमान पाठकहरूको बीचमा राखेका थियौं: मानौं यस पृथ्वी अचानक कताकताबाट यस आकाशमा झुण्डिन पुग्यो रे। अनि त्यहि अनुमान अनुसार यस पृथ्वीको पनि अन्त हुनेछ भनेर विश्वास गर्न करलाग्दछ। सुरू र अन्तको समयको बीचमा रहने मानिसहरूलाई त्यस दृष्टिकोणले कुनै आशा दिँदैन, न त जीवनको अस्तित्वको अर्थ नै हुन्छ, होइन त?

मानव इतिहासको सुरू परमेश्वरबाट भएको हो भनेर उत्पत्ति १ र २मा दिएको विवरणलाई स्वीकार गर्न बाइबलले जोड गर्दछ। अचानक तरिकाले यस संसारको सृष्टि भएको हो भनेर बाइबलले स्वीकार गर्दैन। त्यसकारण यस संसारको अन्त कसरी हुनेछ भनेर

परमेश्वरको वचनले नै औंल्याएको छ। कुनै भवितव्य वा अकस्मात तरिकाले यो पृथ्वीको अन्त हुनेछ भनेर विश्वास गर्न बाइबलले ठाउँदिँदैन।

**मानव इतिहासको सुरूसँग त्यसको अन्तलाई पत्रुसले कसरी गाँसिएकाछन्, हेर्नुहोस् २ पत्रुस ३:१-१०? ती पदहरूले कस्तो आशाका सन्देश हामीलाई प्रदान गर्दछ?**

उत्पत्तिको सृष्टि र अन्तिम पुनःसृष्टिको बिचमा सिधा सम्वन्ध छन्। पृथ्वीको अन्तपछि नयाँ सृष्टिलाई उत्पत्तिको सृष्टिले अर्थमूलक बनाउँदछ। जब हामी अन्तिम दिनमा हुने घट्नाहरूको बारेमा सिक्दछौं, तब परमेश्वरको पुनःसृष्टितिर अग्रसर गराउने अन्तिम कामहरूको बारेमा त्यसले जानकारी गराउँछन्। यस पृथ्वीमा परमेश्वरले गर्नुहुने अन्तिम कार्य नै उहाँको राज्यको पुनःप्रतिष्ठापन गर्नु हो।

सुरूदेखि अन्तसम्मको केन्द्रविन्दु आफै हुनुभएको येशूले स्पष्टरूपमा देखाउनुभएको छ। प्रकाशको पुस्तकमा तिनपल्ट आदि (सुरू) अर्थात् अल्फा र ओमेगा अर्थात् अन्त आफू हुनुभएको येशूले भन्नुभएकोछ (प्रकाश १:८, २१:६, २२:१३)। (ग्रीक अर्थात् युनानी भाषाको वर्णमालाको पहिलो अक्षर अल्फा (आदि वा सुरू) हो भने ओमेगा अन्तिम अक्षर हो)। आफ्नो शक्ति कत्तिको छ भनेर देखाएर येशूले हामीलाई बुझाउन खोज्नुभएको हो। सारा सृष्टिको सुरूमा येशू हुनुहुन्थ्यो र सृष्टिको अन्तमा पनि उहाँ हुनुहुन्छ भनेर माथिका पदहरूले हामीलाई भनिरहेका छन्। हामी जहाँ भएतापनि उहाँमाथि हामी भर पर्नसक्दछौं। संसार लथालिङ्ग, अव्यवस्थित वा गडवड भएतापनि सदासर्वदा येशू हाम्रो पक्षमा हुनुहुन्छ भनेर उहाँको अभिव्यक्तिले देखाउँदछ।

येशू छिट्टै आउनुहुन्छ भन्ने विश्वासमा कतिपय इसाईहरू हटेको पाउँछौं। बरू सबै व्यवस्थित हुने राज्य हामीले नै खडा गर्नुपर्छ भनेर तिनीहरूले सोच्दछन्। यस्ता खालका सोचाइमा जोशिलो भएर कतिपय इसाई अगुवाहरूले येशूराज्य स्थापना गर्न खोजेको केहि घट्ना के

तपाईंलाई थाहा छ? तर परमेश्वरको हातमा रहेको भविष्यको योजना असलै हुन्छ भनेर हामीले किन सोच्नुपर्दछ?

## २. प्रतिज्ञा र प्रतिक्षा (२ पत्रुस ३:१३)

सबैभन्दा अन्तिम घट्ना भनेकै परमेश्वरको राज्यको आगमन हो। त्यसैकारण येशूको आगमन छिट्टै हुँदैछ भन्ने विश्वासलाई सेभेन्थ-डे एडभेन्टिस्टहरूले निरन्तरता दिइरहेकाछन्। हामीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट नाउँले नै येशूको पुनःआगमनको पहिचान गराउँछन्।

**येशूको छिट्टो आगमनको आशालाई पत्रुसले कसरी व्याख्या गरेकाछन्, हेर्नुहोस्ः २ पत्रुस ३:१३? विश्वास गर्ने सबैको निम्ति त्यो आशा किन अति महत्त्वपूर्ण छ? त्यस आशाबिना कुन् आशालाई अर्थ मानेर हाम्रो जीवनलाई सार्थक बनाउने?**

मानविय आशा प्रायजसो सापति आशा हुन्छन् जुन् कि प्रायजसो नैराश्यतामा परिणत भइरहेका हुन्छन्। हामीहरूले भविष्यका घट्ना वा सेरोफेरोलाई नियन्त्रण गर्न सक्दैनौं, जसले गर्दा हामीहरूका आशा प्रायजसो चक्नाचुर भएको पाउँछौं। हामीहरूले गर्ने प्रत्येक योजना अस्थाई नै हुन्छ। भविष्यमा के हुन्छ त्यसमा हाम्रो योजना लागु गर्ने भरपर्दछ। इतिहासलाई हाम्रो पक्षमा लैजान त्यत्ति सरल छैन। हामीले जे निर्णय गर्दछौं त्यो निर्णय प्रायजसो हामीले भरपर्नुपरेका परिस्थितिहरूमा भरपर्दछ। त्यसले गर्दा प्रायजसो हामी अनिश्चितकालमा धकेलिरहेकाहुन्छौं। यस परिस्थिति नै हाम्रो निम्ति चिन्ताको विषय हुन आउँछ।

तर हामी आशारहित हुनुहुन्दैन भनेर बाइबलका लेखकहरूले हामीहरूलाई कबुल गरेकाछन्। भूत, वर्तमान र भविष्य सबै परमेश्वरको खतनमा छ। र उहाँको आगमनको प्रतिज्ञा जीवितैछ। उहाँ आउनुभएपछि उहाँले के गर्नुहुनेछ, त्यो प्रतिज्ञा पनि उहाँसँगै छ।

**हामी कुन् आशामा बाँचिरहेकाछौं भनेर यूहन्ना १४:२,३, दानियल २:४४ र प्रेरित ३:२०,२१मा उल्लेख गरेकाछन्। ती प्रत्येक पदहरूमा दिइएका प्रतिज्ञाहरूमा कुन् भिन्न भिन्न विषय औंल्याइएको छ?**

माथिका पद र अन्य अरू धेरै पदहरूमा मुलतः ख्रीष्टको आगमन, नयाँ पृथ्वी र कस्तो जीवनको अपेक्षा हामीले गर्नुपर्छ भनेर उल्लेख गरेको पाउँछौं। त्यसबेलाको संसार कस्तो होला, कल्पना गर्नुहोस्। पाप, अधर्म, बिमार, मृत्यु, त्रास, हिंसा, घृणा, गरिबी, अपराध, युद्ध र पिडा नै पिडाले भरिएको यस संसारमा हामी पौडी खेलिरहेका हुनाले ती बिनाको संसार कस्तो होला भनेर हामी कल्पना नै गर्नसक्दैनौं। तर हामी ठिक त्यहि खालको संसारको प्रतिक्षा गरिरहेकाछौं, र त्यहि पाप तथा पिडारहित संसारको आगमनको प्रतिज्ञा हामीलाई दिइएको छ।

## ३. हाम्रो महान् आश्वासन (हिब्रू ९:२८)

सेभेन्थ-डे एडभेन्टिस्टहरू भएको हैशियतले ख्रीष्टको छिट्टो आमगनको आशामा यस संसारमा हामी बाँचिरहेकाछौं। कतिपय इसाई समूहले त्यस आशाको बारेमा सिकाउन पनि छोडेको पाइन्छ। कत्तिले त त्यस आशालाई पन्छाएको पनि पाइन्छ। अझ कतिले त यो आशा केवल काल्पनिक धारणामात्र हो र यो पछि हुने साँच्चिकै घट्ना होइन भनेर सिकाउँदछन्। तिनीहरूले भन्दछन्: "जब हामीहरूको कर्तव्यलाई समाजमा पूरा गर्न सक्यौं भने त्यहि नै दोस्रो आगमन हो। दोस्रो आगमन भविष्यमा हुने नभएर हाम्रो हृदयमा हुने कुरो हो।" निसन्देह, हामीहरू समाजको उपलव्धीमूलक सदस्यहरू हुनुपर्दछ र अरूलाई प्रेम गर्नुपर्दछ। तर समाजमा अपनाउने हामीहरूको सकारात्मक भूमिकाले ख्रीष्टको दोस्रो आगमनलाई कहिले पनि औझेलोमा पार्नुहुन्न, किनभने हाम्रो सकारात्मक काम र येशूको आगमन एउटै होइन।

मानिस मरेपछि त्यसको अवस्था कस्तो हुन्छ भन्ने हाम्रो फरक धारणाले गर्दा ख्रीष्टको प्रतक्ष्य आगमनमा विश्वास गरिएन भने त्यो धारणाको औचित्य रहदैंन। उहाँको आगमनबिनाको हाम्रो मृत्युलाई हामीले कल्पना नै गर्नसक्दैनौं। उहाँ आउनुहुँदा मरेकाहरू उहाँले बिउँत्याउनुहुनेछ। अरू धर्मशिक्षाहरू जस्तै दोस्रो आगमनको शिक्षा हाम्रो निम्ति अति महत्त्वपूर्ण छ। (फेरि हाम्रो नाउँको पहिचानले नै

दोस्रो आगमनको महत्त्वलाई दर्शाउँछन्)। यस बिश्वासबिना हाम्रा सबै बिश्वासप्रणालीहरू चक्नाचुर हुन्छन्। किनभने हामीले गर्ने सबै विश्वासहरू दोस्रो आगमनको आशामा भरपर्दछन्। येशू आफैले कबुल गर्नुभयो, "आकाशको बादलबाट मानिसको पुत्रको आगमन हुनेछ" (मत्ती २४:३०)। यदि उहाँ दोस्रो पल्ट महिमितरूपमा आउनुभएन भने हाम्रा शिक्षादिक्षाको औचित्य स्वतः समाप्त हुन्छ।

**दोस्रो आगमनको बारेमा बाइबलमा धेरै बाचाहरू उल्लेख गरेकाछन्। ती मध्ये हिब्रू ९:२८ र १ कोरन्थी १५:१२-२७ अति उल्लेखनीय छन्। एउटै घट्नाले उहाँको आगमनलाई निश्चित देखाएको छ। उहाँको आगमनमा धेरै घट्नाहरू त हुनेछन् नै। तर त्यो एउटा घट्ना हाम्रो बिश्वासमा धरोहरको रूपमा खडा भइरहेको छ। त्यो के हो त र किन?**

उहाँको प्रथम् आगमनमा हाम्रो निम्ति येशूले के गर्नुभयो त्यसैको आधारमा उहाँको दोस्रो आगमनको महान् आशाको भर हुनगएकोछ। प्रथम् आगमनबिना दोस्रो आगमनको औचित्य के छ र? फेरि उहाँको दोस्रो आगमनबिना पहिलो आगमनमा येशूले गर्नुभएको सम्पूर्ण कामको पनि औचित्य हुँदैन। पहिलो आगमनमा सुरू गर्नुभएको काम दोस्रो आगमनमा उहाँले पूरा गर्नुहुनेछ। पापले हामीलाई बनाएको वन्धकलाई क्रुसद्वारा फुत्काइदिनुभयो भनेर स्पष्ट पार्न बाइबलले मुक्तिधनको (ransome रानसम) शव्द प्रयोग गर्दछ। येशू आफैले भन्नुभयो " 'मानिसको पुत्र जस्तै तिमीहरू पनि होउन्। उनी सेवा पाउन आएको होइन अर्थात् आफ्नो भाउ खोज्न आएको होइन। बरू अरूको सेवा गर्नु आएको हो। पापले वन्धक बनाइरहेका मानिसहरूको मोल तिर्न आफ्नो जीवन दिन आएको हो। आफ्नो जीवनको बाजी राखेर धेरै मानिसहरूलाई स्वतन्त्र बनाइएकाछन्।' " (मत्ती २०:२८ रूपान्तरित)। हाम्रा आत्माहरूलाई सैतानले वन्धी बनाइराखेको थियो। क्रुमा येशू मर्नुभएर त्यस वन्धनको मोल तिरीदिनुभयो। त्यो चानचुने मोल थिएन। सबैको लागि एकै पल्ट पापको पूरा मोल उहाँले तिर्नुभएको थियो। त्यो मोल तिर्नेमा उहाँले कुनै कमी देखाउनुभएको थिएन। तर तपाईंको

निम्ति तिरीदिनुभएको मोलको औचित्य के हुन्छ र यदि तपाईं त्यसको लाभ उठाउनुभएन भने? फेरि पापको वन्धनबाट फुट्कारा गर्नको निम्ति मोल तिर्नु पनि आत्मिक कथाको अन्त्य होइन। उदाहरणमा कसैले बालकको अपहरण गऱ्यो रे। अनि अपहरणकर्ताले अपहरित बालकको मोल आमाबाबुसँग माग्यो रे। आमाबाबुले पनि त्यस बालकको निम्ति मोल तिरीदियो रे। तर त्यो बालकलाई छुटाएर लगेन भने त्यस मोलको औचित्य के छ र? त्यसरी नै उहाँले महान् मोल तिरेर छुटकारा गर्नुभएको वन्धीलाई लैजान येशू फेरि आउनुहुनेछ। त्यसैकारण येशूको पहिलो आगमनले दोस्रो आगमनको महान् प्रतिज्ञालाई हाम्रो निम्ति सम्भव पारिदिएकोछ।

## ४. "हैन, उहाँ आउँछु भनेर गर्नुभएको प्रतिज्ञा पूरा भएको खोइ त?" (२ पत्रुस ३:४ रूपान्तरित)

"हामीले विश्वास गरेको भन्दा छिट्टै हुन्छ" भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले प्रारम्भिककालदेखि धुक्क भएर प्रचार गरिरहेको छ। तर आज हामी यहिँ छौं। हामीले अपेक्षा गरेको भन्दा धेरै समयसम्म यस संसारमा अल्मलिरहेकाछौं। उहाँको ढिलो आगमनलाई कसरी बुझ्ने त?

प्रथमतः हामीले यो कुरा बुझ्नुपर्दछ, उहाँको आगमनको प्रतिज्ञा तुरन्त पूरा नभएर निराशमा परेकाहरूमा हामी मात्रै होइनौं। आफ्नो पहिलो छोरो जन्मेपछि परमेश्वरले गर्नुभएको उद्धारकर्ता आउने प्रतिज्ञा (उत्पत्ति ३:१५) पूरा हुनेछ भनेर हवाले आशा राखेकि थिइन्। उत्पत्ति ४:१ पढ्नुहोस्। "बाट" वा "सहायताले" भन्ने शव्द अनुवादकले थपेको हो। यसको हवाले व्यक्त गरेकी वाक्यको सहि अनुवाद यस्तो हुनुपर्दछः "मैले मानिस जन्माएँ जो परमेश्वर हुनुहुन्छ।" उनी गलत थिइन् किनभने त्यो मानिस मुक्तिदाता नभएर केवल कैनमात्र थियो। हजारौं वर्षपछिमात्र हवाको वंशबाट मुक्तिदाताको जन्मभयो।

"अदनको बँगैचामा नै मुक्तिदाताको आगमनको बाचा दिइएको थियो। जब आदम र हवाले त्यस प्रतिज्ञा सुने तब त्यो प्रतिज्ञा पूरा हुन

आत्तुरी भएका थिए। पहिलो जन्मेको बालक अति हर्षित भएर स्वागत गरेका थिए। त्यस बालक मुक्तिदाता हुनेछ भनेर तिनीहरूले अपेक्षा गरेका थिए। तर त्यस बाचा ढिला पूरा भएको थियो। जसले पहिलोपल्ट उहाँको आगमनको प्रतिज्ञा पाएका थिए, त्यो पूरा नहुँदै उनीहरू मरेर गए। हनुकको समयदेखि नै विभिन्न अगुवा र भविष्यवक्ताहरूद्वारा उहाँको आगमनको प्रतिज्ञाको आशालाई जीवतै राखेका थिए। तर उनीहरूले अपेक्षा गरेको आफ्नै समयमा ख्रीष्टको जन्मभएको थिएन।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज,* पृ. ३१बाट रूपान्तरित।

हिब्रू ११ले भन्ने खोजेको मुख्य विषयवस्तु के हो? “ढिलो" भन्ने प्रश्नको सेरोफेरोमा त्यस अध्यायले हामीलाई कसरी बुझाउँन प्रयास गर्दछन्? विशेष गरेर पद १३,३९ र ४० पढ्नुहोस्।

मानिसहरूले धेरै समयसम्म पर्खेको पर्खेकै बारेमा बाइबलले धेरै उदाहरणहरू हामीलाई दिइएकाछन्। आफ्नै कोखबाट अब्राहम र साराको बालक जन्मिन उनीहरू कत्ति वर्ष पर्खे, त्यो सोच्नुहोस् त! इजीप्त अर्थात् मीश्रदेशको दासत्त्वबाट मुक्ति पाउन इस्रायलीहरू कत्तिसय वर्षसम्म पर्खे? उद्धारको निम्ति चित्कार गरेको आवाज बराबर भजनसंग्रहमा गरेको पाउँछौं। भजनका लेखकले यो बुलन्ध आवाज निकालेका थिए, “प्रभु कतिसमयसम्म उद्धारको निम्ति हामी पर्खने?"। यहि परिवेशमा ख्रीष्टको दोस्रो आगमनको ढिलाईको बारेमा पनि हामी छक्क पर्ने कुरा छैन। दुई हजार वर्ष अघि पत्रुसले यो भावना व्यक्त गरेकाथिए, “पहिलो कुरो त तिमीहरूले यो कुरा थाहा पाउनुपर्दछ। संसारको अन्तिम दिनहरूमा धेरैले सत्यप्रति ठट्टा गर्नेछन्। सत्यलाई तिनिहरूले हास्यास्पद ठान्नेछन्। तिनीहरू आफ्नो दुष्ट आचार बिचारको अभिलाषामा फस्दै जानेछन्। तिनीहरूले भन्नेछन्, ‘खोइ उहाँ आउँछु भनेर प्रतिज्ञा गरेको के भयो त? मानिसहरू जन्मे मरे, पहिलादेखि सबै कुरा त्यस्तै छ। अझ भन्ने हो भने परमेश्वरले सबै सृष्टि गर्नुभएको समयदेखि नै त्यहि कुराले निरन्तरता पाएको छ।’" (२ पत्रुस ३:३,४ रूपान्तरित)।

प्रभु येशूको आगमन अहिलेसम्म भइसकेको भए हुन्थ्यो भनेर तपाईंले कहिलै सोच्नुभएको छ? ढिलो भएकोमा तपाईं कहिले काहिँ निराश हुनुभएकोछ? हामी यस संसारमै भइरहेको कारण उहाँको दोस्रो आगमनको बारेमा के शङ्का गरिरहनुभएको छ? उहाँको आगमन पहिला के हुन्छ भन्ने कुराका प्रमाणहरू सोच्नुहोस्। जब तपाईं ती कुराहरू सोच्नुहुन्छ, यो पनि ख्याल गर्नुहोस् कि तपाईं मानिस भएकोले तपाईंमा भएको ज्ञानको सिमित छ। तपाईंले बुझ्नुभएको समय र परमेश्वरको समयमा धेरै अन्तर हुन्छ, यो तथ्य पनि नबिर्सनुहोस्।

## ५. "हेर, म छिट्टै आउँदैछु" (प्रकाश २२:७)

प्रभु फर्केर नआउनुको केहि कारणहरू छन् भनेर पावलले थेस्सोलोनिकाका विश्वासीहरूलाई सम्झाएका थिए। ख्रीष्टको दोश्रो आगमनको प्रतिज्ञालाई पर्खेर बसेका थेस्सोलिनाका चर्चका विश्वासीहरूलाई पावलले २ थेस्सोलोनी २मा के सुझाव दिन्दछन्?

येशूको दोस्रो आगमन भन्दा अघि केहि निश्चित घट्नाहरू हुनु बाँकिनै छन्। तर भविष्यको आशा हाम्रो लागि सुन्दर र महिमित छन्। त्यस गरिमामय आशा प्रशंसाको योग्य छ।

प्रकाशको पुस्तकमा धेरै चरमसिमाहरूले भरिएका छन्। यसलाई "पराकाष्ठाका महान् पुस्तक" पनि भनिएकोछ। येशूको आगमन किन ढिलो भयो भनेर पनि त्यहि पुस्तकले वर्णन गरेकाछन्। प्रकाश ६:९-११मा पाँचौं टाँचा खोलेको दर्शन देखाएको छ। त्यस समय बेदिको मुनी ठूला आवाजहरू निस्केका थिए। ती कस्ता आवाजहरू थिए? ख्रीष्टको आगमन किन ढिलो भयो भनेर त्यसले हामीलाई सूचित गर्दछ?

त्यहि सन्दर्भमा लूका १२:४२-४८को अनुसार ढिलाईलाई हामीले कसरी बुझ्ने? अझ स्पष्टमा भन्ने हो भने, येशूको आगमन ढिलो हुन्छ भनेर सोचिनरहनेको निम्ति ती पदहरूले कसरी खबरदारी गराउँदछन्?

तर येशू छिट्टै आउँछु भनेर व्यक्त गरेका पदहरूको बारेमा हामीले कसरी सोच्ने? उदाहरणमा उहाँले भन्नुभएको थियोः "'हेर! म छिट्टै आउँदैछु! यस पुस्तकमा लेखिएका वचन वा भविष्यवाणीहरू अनुसार चल्नेहरू धन्य हुन्।'" (प्रकाश २२:७ रूपान्तरित)।

उहाँको छिट्टो आगमन भनेको हाम्रो मृत्युसरी हो। हामी दुई दिन वा दुई सय वर्ष वा दुई हजार वर्षसम्म मरेर चिहानमा सुतेर बस्दछौं। मरेको मानिसलाई समय वा युगको ख्याल हुँदैन। तर जब तुरहीको आवाजमा हामी बिउँतिनेछौं तब त्यो मृत्यु केवल आँखाको निमेष जस्तो हुनेछ। मृत्यु केवल आँखाको झिम्मिक्क मात्र हुनेछ किनकि येशूको आगमन भइसकेकाहुन्छ। त्यसकारण, हामीले व्यक्तिगत रूपमा अनुभव भएको आधारमा यो भन्ने सक्दछौं, ख्रीष्टको आगमन हाम्रै उमेर भित्र हुन्छ। यस कुरामा कसैले मतभेद गर्ने ठाउँछैन। दोस्रो आगमन यथार्थ हो। यो काल्पनिक मनगढन्ते पुराण तथा युवाहरूलाई आकर्षित गर्ने कथा जस्तो होइन। यसमा केवल एक जनाको मात्र सहभागी हुँदैन। उहाँको आगमनमा सारा विश्व नै सहभागी हुनेछ। तर उहाँको आगमन सामुहिक हितको नभएर व्यक्तिगत हितको निम्ति हुनेछ। (अर्थात् वर्तमान जीवनमा उहाँसँगसँगै हिंड्ने येशूभक्तको निम्ति त्यो आगमन फलिफापको रूपमा हुनेछ)।

**जब तपाईंको वर्ष वित्दै जान्छ वा संसार चल्दै जान्छ तपाईं यस संसारको आनन्दमय वातावरणमा झुल्दै जानुहुनेछ र त्यस बेला येशूको दोस्रो आगमनको औचित्यको सवाल के हुँदै गएको हुन्छ? यो मनिस्थितिमा तपाईं एकलै छैन। तर यस स्वभाविक तर खतरापूर्ण मनस्थितिसँग तपाईं कसरी भिंड्ने? यसबारे चिन्तन गर्नुहोस्।**

## उपसंहारः

<u>थप जानकारी</u>ः "अनन्तको युगमा अर्को वर्ष बितिसके। केहि दिनपछि हामी अर्को नयाँ वर्षमा प्रवेश गर्नेछौं। मेरो भाइबहिनीहरू हो, पुरानो वर्षको बाँकि समयलाई बुद्धिमानपूर्वक बिताउनुहोस्। यदि तपाईंले गर्नुपर्ने कर्तव्य पालन गर्नुभएन भने, त्यसको पश्चाताप गर्नुहोस्।

अलमलिरहेको बाटोबाट तपाईं फर्कनुहोस्। तपाईंलाई दिइएको समय कत्ति छोटो छ, त्यसलाई ख्याल गर्नुहोस्। तपाईंको दिनको अन्त कहिले हुन्छ सो तपाईंलाई थाहा छैन। यो नभन्नुहोस्, 'आज वा भोली हामी यो सहरमा वा त्यो सहरमा जान्छौं, अनि त्यहाँ केहि वर्ष बिताउँछौं, किनमेल गर्नेछौं र त्यसको फायदा उठाउनेछौं।' तपाईंले गर्नुभएको योजनाभन्दा परमेश्वरको योजना अर्कै हुनसक्दछ। हाम्रो जीवन केवल बाफ जस्तै हो, 'एक क्षणको निम्ति यो देखा पर्छ र अनि बिलाएर जान्छ' (याकूब ४:१४ रूपान्तरित)। तपाईंलाई थाहा छ कि तपाईंको शीप कति छिटो हराएर जानेछ र तपाईंको शक्ति वा तागत कमजोर भएर जानेछ। एक छिन पर्खंदा पनि खतरा हुन्छ। 'ढिलो हुनुभन्दा अघि नै परमेश्वरतिर तपाईं फर्कनुहोस्। तपाईंलाई सहयोग गर्न नजिक वा राजी भइरहेकै बेलामा परमेश्वरतिर फर्कनुहोस्। खराब तथा दुष्ट काम गर्नेहरूले त्यो काम गर्नुबाट रोक्नुहोस्। दुष्ट बिचार गर्नुबाट रोक्नुहोस्। त्यो व्यक्ति परमेश्वरतिर फर्कोस्। परमेश्वरले आफ्नो न्यानो माया र स्नेह उसलाई देखाउनुहुनेछ। हाम्रो परमेश्वरतिर उनी फर्कुन्। उहाँ जहिले पनि क्षमा दिन तयार हुनुहुन्छ।' (यशैया ५५:६,७ रूपान्तरित)।"-एलेन जी ह्वाइट, रिभ्यु एण्ड हेराल्ड, डिसेम्बर २३, १९०२बाट रूपान्तरित।

**चिन्तनमनन:**

**क.** पाँचौं बुँदाको अन्तिम जिज्ञासाको बारेमा विश्वासीहरूबीच छलफल गर्नुहोस्। जति हामी यहाँ हुन्छौं, त्यत्ति उहाँको आगमनको बारेमा भुल्दै जानेछौं। तर फेरि जति हामी यहाँ धेरै हुन्छौं त्यत्ति नजिक उहाँको आगमन पनि हुने सम्भावना पनि प्रवल भएर गएको हुन्छ। यो किन हुन्छ त?

**ख.** येशूको आगमन अझै नभएका कारणहरू के के छन् त? के उहाँको आगमन नहुनुमा हामी जिम्मेवार छौं त? तपाईंले त्यसको सकारात्मक वा नकारात्मक

जवाफ जे दिएतापनि तपाईंको जवाफलाई तपाईले कसरी समर्थन जनाउने?

ग. येशूको आगमनमा विश्वास गर्ने बिभिन्न महान् कारणहरूमा कुनचाहिँ भरोसा तपाईंको निम्ति उल्लेखनीय छ?

घ. वैज्ञानिक संसारमा मानवजात कसरी उत्पन्न भयो भन्ने कुरामा अनेकौं बादबिवाद छन्। तर मानव जगतको निम्ति, यस पृथ्वीको निम्ति जगतैकै निम्ति यो संसार धेरै कालसम्म रहिरहे असल हुँदैन भनेर तिनीहरूले तर्क गरेको पाउँछौं। यो जगत बलेर जानेछ, यो पृथ्वी सूर्यले पगालिनेछ र हाम्रो जीवनको अस्तित्व खतम हुनेछ भनेर आधुनिक वैज्ञानिकहरूले भविष्यवाणी गरेकाछन्। तर हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले ती वैज्ञानिकहरूको धारणाभन्दा फरक छ। यो संसारको भविष्य उज्यालो छ। यदि विज्ञानको अनुसार अन्त हुने कुरामा गलत सोचाइ छ भने न त सुरूको कुरामा नै असल छ भनेर हामीले किन बिश्वास गर्ने? बिकासवाद सिद्धान्तले परमेश्वरको अस्तित्वलाई अश्विकार गर्दछ। यस जगत उहाँको योजना वा डिजाइन अनुसार रचिएको हो भन्ने कुरामा यदि वैज्ञानिकहरू विश्वास गर्दैनन् भने हाम्रो जीवनको सुरू र अन्तको पनि महत्व हुँदैन। मानिसलाई अर्थपूर्ण बनाउन वैज्ञानिकहरू किन गलत हुनसक्दछन्?

**सारांशः** जहिले सुकै भएतापनि ख्रीष्टको आगमनलाई विश्वास गर्ने हाम्रो निम्ति धेरै असल कारणहरू छन्। तिनीहरूमाथि भर पर्नु नै हाम्रो हित हुन्छ।